# धनगढी उपमहानगरपालीकाले गत आर्थिक बर्ष २०७४/०७५को काम कारवाहीको कार्य प्रगती सर्वजनिकरण गर्न आयोजित

## पत्रकार सम्मेलन ।

*मिति २०७५ साल साउन ३१ गते*

श्रीमान नगरप्रमुख ज्यू, उप प्रमुख ज्यू, वडा अध्यक्ष ज्यूहरु, कर्मचारी साथीहरु र हाम्रो निम्तोलाई स्वीकार गरेर पत्रकार सम्मेलनमा सहभागि हुनुभएका पत्रकार साथीहरु । सबैभन्दा पहिले यस उपमहानगरपालीकाको तर्फबाट यहाँहरुलाई स्वागत गर्न चाहन्छु ।

पत्रकार साथीहरु देश संघियतामा भएपछि सोही अनुरुप नेपालको संविधान २०७२ ले संघीयतामा आधारित शासकीय स्वरुपको ढाँचा अवलम्बन समेत गरेको छ । नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहले प्रयोग गर्ने गरी २२ वटा एकल अधिकारहरू सूचीबद्ध गरेको छ । त्यस्तै, नेपाल सरकार मन्त्रिपरिषद्ले ती एकल अधिकारहरूको विस्तृतीकरण गरी स्थानीय तहबाट सम्पादन गर्नुपर्ने कामको समेत किटानी गरेको छ। ती कामहरूको कार्यान्वयनका लागि आवश्यक पर्याप्त नियमनकारी व्यवस्थालाई संस्थागत गर्नु चुनौतीपूर्ण छ । सहकारी संस्था सञ्चालन र नियमन, स्थनीय क्षेत्रभित्र इन्टरनेट सेवा, स्थानीय केबुल तथा टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन, एफएम सञ्चालन र नियमन, राजस्व संकलन र परिचालनसम्बन्धी व्यवस्था, स्थानीय सेवासम्बन्धी नीति तथा नियमन, स्थानीय तथ्यांक व्यवस्थापन, भवन नीति र राष्ट्रिय भवन संहिताको कार्यान्वयनका लागि नीतिगत र नियमनकारी व्यवस्था, आधारभूत तथा माध्यामिक शिक्षा व्यवस्थापन, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण तथा जैविक विविधता संरक्षण, स्थानीय न्यायीक समिति, मेलमिलाप र मध्यस्थता सम्बन्धी व्यवस्था र तीनको नियमन, घर जग्गा धनी पुर्जा वितरण, स्थानीय अभिलेख व्यवस्थापन, स्थानीय विकास, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, भाषा, संस्कृति, सामाजिक रीतिरिवाज आदिको संरक्षण र प्रवर्द्धनजस्ता कार्यका लागि आवश्यक नीति, नियम र कानुनी व्यवस्था स्थानीय तहले गर्नुपर्ने हुन्छ । धनगढी उपमहानगरपालीकाले गत आर्थिक बर्ष २०७४/०७५ मा नेपालको संविधानले प्रदत्तगरेका अधिकारहरुको प्रयोग गर्दै आफुलाई चाहिने आवश्यक कानुनहरुको निर्माणलाई गति दिएको छ । त्यसैगरी समयमा नगरसभाहरु सम्पन्न भएका छन् । विकास निर्माणका कामलाई तिब्रता दिएको छ ।

पत्रकार मित्रहरु पछिल्लो पटक धनगढी उप-महानगरपालीकाले मात्रै घाट कर, कुकुरा, खसी, राँगामा कर लगायो भन्ने गरि समाचार बाहिर आएको छ । यहाँहरुलाई हामी के अनुरोध गर्न चाहन्छौ भने यो कर बिगत देखि लगाउदै आउने प्रचलन थियो । सबैतिर करबृद्धी गरेको गुनासो आईरहेका बेला यस उप-महानगरपालीकाले कुनैपनि करका दरमा बृद्धी गरेको छैन । एकिकृत सम्पतीकर घटाउने काम गरिएको छ । नागरिकता अनुसूची फारमा निशुल्क दिने गरेका छौं । बिरामीलाई रगत निशुल्क गरेका छौं । जन्म, मृत्यू , बिवाह दर्ता र बसाईसराईमा निर्धारित समयमा आए कुनै किसिमको पनि शुल्क लिने गरिएको छैन । हामी नगरपालीकाका काम काहवाहीहरुलाई खुला र पारदर्शि बनाउने कुरालाई प्राथमिकतामा राखेर अगाडी बढेका छौ । समग्रमा यस उप-नगरपालीकाबाट सम्पादन भएका काम कारवाहीको कार्य प्रगती यहाँहरु समक्ष सार्वजनिक गर्न चाहन्छौं ।

**हाल सम्म बनेका कानूनको विवरण**

१) नगर शिक्षा ऐन धनगढी २०७४

२) फोहर ब्यवस्थापन ऐन धनगढी २०७४

३) कृषि ब्यवसाय प्रवर्द्धन ऐन धनगढी २०७४

४) आर्थिक कार्यविधि नियमित तथा ब्यवस्तीत गर्न बनेको ऐन धनगढी २०७४

५) सार्वजनिक निजि साझेदारी ऐन धनगढी २०७४

६) न्यायिक समिति कार्य विधि सम्बन्ध ऐन धनगढी २०७४

७) सहकारी ऐन धनगढी २०७४

८) पदाधिकारीहरुको आचार संहिता धनगढी २०७४

९) नगर सभा संचालन कार्यविधि धनगढी २०७४

१०) बैठक संचालन सम्बन्धि बनेको कार्यबिधि धनगढी २०७४

११) धनगढी उ.म.न.पा.को नगर का.पा.(कार्य सम्पादन नियमावलि २०७४

१२) धनगढी उ.म.न.पा.को नगर का.पा.(कार्य विभाजन नियमावलि २०७४

१३) धनगढी उ.म.न.पा.को नगर का.पा.को कार्यालयका कर्मचारीहरुको आचार संहिता सम्बन्धि विनियमावली २०७४

१४) आर्थिक सहायता कार्यविधि २०७४

१५) एफ.एम. रेडियो ब्यवस्थापन तथा संचालन कार्यविधि २०७४

१६) घ वर्गको निर्माणब्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधि २०७४

१७) जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशीका २०७४

१८) धनगढी उ.म.न.पा.न.का.पा.को निर्ण वा आदेश र अधिकार पत्रको प्रमाणिकरण(कार्यविधि)सम्बन्धमा ब्यवस्था गर्न वनेको नियमावलि २०७४

१९) धनगढी उ.म.न.पा.बाट गरिने बजार अनुगमन निर्देशीका २०७४

२०) टोलविकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्ध निर्देशिका २०७४

२१) गैसस समन्वय कार्यविधी २०७५ ।

२१) धनगढी उ.म.न.पा.गुनासो सम्बोधन तथा ब्यबस्थापन कार्यबिधि २०७५

२२) गैर सरकारी संस्था समन्वय कार्यबिधि २०७५

२३) आर्थिक बिधेयक २०७५

२४)बिनियोजन बिधेयक २०७५

२५) सहकारी ऐन २०७४ लाई संसोधन गर्न बनेको सहकारी बिधेयक २०७५

**हाल सम्म पास भएका घर नक्साहरु**

**२०७४३० सम्म/०३/०१ देखि २०७४/०१/**

**जम्मा पास - १३४**

**२०७४ ३० सम्म/१२/०१ देखि २०७४/०४/**

**अभिलेखीकरण१०२ -, नामसारी ४७ -**

**संसोधन २० -, पास ६९८ -**

**२०७५३० सम्म/०३/१ देखि २०७५/०१/ , अभिलेखीकरण -४०**

**नामसारी १० -, संसोधन २ -, पास १५८ -**

**आ.व. २०७४/०७५ अषाढ मसान्त सम्म धनगढी उपमहानगरपालिका न्यायिक समितिमा दर्ता भएका मुद्धा तथा ठाडो उजुरीको विवरण :**

- दर्ता भएका मुद्धाको संख्या : २७ वटा
- मेलमिलाप भएको मुद्धा संख्या : १२ वटा
- प्रक्रियामा रहेको मुद्धा संख्या : ६ वटा
- अदालतमा पठाइएको मुद्धा संख्या : २ वटा

- **सम्वन्ध विच्छेद मुद्धा ३ वटा**

  अदालतमा गएको २ वटा

  प्रक्रियामा रहेको १ वटा

- **मेलमिलाप भएका ठाडो उजुरीको विवरण :**

**मिलापत्र भएका जम्मा : १२ वटा**

| | |
|---|---|
| १. करार बमोजिमको लेनदेन | २ वटा |
| २.पति पत्नी विवाद | २ वटा |

३.  लेनदेन  १ वटा

४.जग्गा खिचोला  २ वटा

५.(कुखुरापालन) बाताबरण प्रदुषण  १ वटा

६.दाखा नामसारी सिफारीस छानविन  १ वटा

( मावली अंश सम्वन्धि )

७. संस्थामा बचत गरेको रकम असुली  १ वटा

८. वावु छोरा विच गाली वेइज्जती विवाद  १ वटा

९.( ताल पोखरीको )पानी निकास  १ वटा

**१२ वटा**

- **सम्वन्धित निकाय (अदालत ) जाने जानकारी दिएको** ।

१.होटल खाली गरीपाउ  १ वटा

२.घर हटाउने विवाद  १ वटा

३.बाटो खोली पाउ  १ वटा

**३ वटा**

- **.छलेन सडकले घर भत्कीदा क्षेतीपुर्ती सम्वन्धिको विवाद**
  क्षतीपुर्ती ( सडकको )विवाद :  १  तामेलीमा रहेको ।
- **विचाराधिन/प्रक्रियामा रहेको ठाडो उजुरी ६ वटा**

  १. पोल्टी फर्म रोक्ने  १ वटा
  २. अंश दिलाई पाउ  २ वटा
  ३. जग्गा सिमाना कव्जा  १ वटा
  ४.जग्गा खिचोला  १ वटा
  ५. पैसा लेनदेन  १ वटा
  **६ वटा**

१ कागज अड्डामा सामेल गरेको ( सम्वन्ध विच्छेद )  १ वटा

२.  लेनदेन  १  वटा तामेली

## सामाजिक विकास तर्फको संक्षिप्त बिवरण :

| क्र:स | क्षेत्रगत सम्क्षेपिकरण | लागत | संख्या | |
|---|---|---|---|---|
| क | अर्थिक बिकास | रु ३८४५००० | १२५० | |
| ख | क्षमता विकास | रु ३०९२००० | १३६३ | |
| ग | सिप विकास | रु ३८३५००० | १७३० | |
| घ | पर्यटन तथा कला सष्कृति पर्वद्धन | रु १११८००० | | |
| ङ | सामुदायक बिद्यालय, क्लब तथा अनन्य संथाको लागि शैक्षिक, खेलकुद तथा बिज्ञान सामग्री खरिद | रु ३०५०००० | | |
| च | नर्सरी निर्माण | रु १५०००० | | |
| छ | अभिमुखीकरण तथा गैसस समन्वय कार्यविधि छपाई | रु १६५००० | | |
| | **कुल जम्मा रु** | **रु १७२५६०००** | **४३४३** | |

**<u>जेष्ठ नागरिक दिर्घसेवा सम्मान र सामाजिक सुरिक्षा भत्ता वितरण कार्यक्रम</u>**

| | | | | |
|---|---|---|---|---|
| १ | कुल निकासा | **रु १५ करोड १८ लाख ४५ हजार ९ सय चालिस** | | |
| २ | कुल खर्च | **रु १४ करोड ३७ लाख ५४ हजार ६ सय** | | |
| ३ | फ्रिज | **रु ८४ लाख १२ हजार ३ सय चालिस** | | |
| | **सामाजिक सुरक्षा भत्ता वितरणको विवरण** | **वितरण रकम** | **संख्या** | **लागत कट्टा** |
| १ | जेस्ठ नागरिक दलित | ८७४०००० | ९१३ | १ |
| २ | जेस्ठ नागरिक अन्य | ८६२९४००० | ४०५३ | ९० |
| ३ | बिधुवा एकल | ३५८२८००० | ३१९३ | १ |
| ४ | लोपुन्मुख आदिबासी जनजाती | २१५२००० | ९२ | ० |
| ५ | पूर्ण अशक्त अपांग | २३८८००० | १४१ | ० |
| ६ | अति अशक्त अपांग | १७९१२०० | ३७३ | १ |

| | | | | |
|---|---|---|---|---|
| ७ | दलित बालबालिका | ६४४०२०० | २२२६ | ४०९ |
| ८ | प्रोत्सान भत्ता | १००००० | ० | ० |
| ९ | मरणोपरान्त | २१००० | ० | ० |
| | **जम्मा** | **१४३७५४६००** | **१०९९१** | **५०२** |

## भौतिक पूर्वाधार विकास तर्फ

**१) कालेपत्रे सडक आवधिक मर्मत**

लक्ष्य : ७.८३ प्रतिशत , प्रगती : ८.०३

**२) ढुंगा खरिद गर्ने काम** : लक्ष्य : ४ प्रतिशत , प्रगती : ४ प्रतिशत

**३) खोलानाला सार्वजनिक जग्गा खालीगर्ने काम :** लक्ष्य : ३ संख्या **,** प्रगती : ३ संख्या

**४) पुरानापुल कल्वर्ड मर्मत :** लक्ष्य : ५ संख्या , प्रगती ५ संख्या

**५) खुलादिसा मुक्तलाई समाग्री खरिद** : लक्ष्य : १ , प्रगती : १

**६) चौतारा निर्माण** : लक्ष्य २ प्रगती १ मात्रै

**७) सडक ब्लक छाप्ने काम** : लक्ष्य : ०.१०१ प्रगती : ०.१०१

**८) पिसिसि सडक निर्माण गर्ने काम** : लक्ष्य : ०.५४७ प्रगती ०.५४६ किमी

**९) आरसिसि सडक निर्माण गर्ने काम** : लक्ष्य ०.२५६ प्रगती : ०.०३

**१०).खानेपानी पाईपलाईन लाईन बिस्तार गर्ने काम** : १.३५ किमी , प्रगती १.३५ किमी ।

**११) ह्यूम पाईप खरिद** : संख्या ६३ प्रगती ६३

**२१) पक्की नाली निर्माण** : लक्ष्य ६.१४ किमी,  प्रगती ५.७५ किमी

**२२) टठवन्ध निर्माण** : लक्ष्य २१ गोटा , प्रगती २१ गोटा

**२३) खानेपानी निर्मा**ण लक्ष्य : ६८ प्रगती ६५ प्रतिशत

**२४) ग्राभेल तर्फ :** लक्ष्य : १३६.०१, र प्रगती १३७.०५ प्रतिशत

**२५) सडक कालोपत्रे** : लक्ष्य २७.९४ प्रगती १९.९८ प्रतिशत

**२६) गुरु योजना तयार पर्ने काम :** लक्ष्य ९ प्रगती ८

**धनगढी उप-महानगरपालीकाबाट भएका प्रयास तथा मुख्य उपलब्धीहरु :**

१.धनगढी उप-महानगरपालीका कानुन निर्माणमा प्रदेशमै अगाडी रहेको छ ।

२.देशभरी स्थानीयतहहरुले कर बृद्धि गरेको समयमा धनगढी उप-महानगरपालीकाले एकिकृत सम्पतीकर घटाएको छ । अन्य कुनैपनि कर बृद्धि गरेको छैन ।

३.धनगढी उप-महानगरपालीकाले आफ्ना नगरका नागरिकहरुका लागि निशुल्क रगत उपलब्ध गराउन थालेको छ । रगत डोनेशन गर्नेलाइ फलफुलको ब्यबस्था मिलाईएको छ ।

४.मोहना पुल अत्तरिया ६ लेन सडक निर्माणका क्रममा , अदालती फैसलाको समेत अटेरी गर्नेहरुका घर टहरा हटाउने काममा उप-महानगरपालीकाले स्वयं अगुवाई लिने काम गरेको छ । अहिले काम अगाडी बढेको छ ।

५.सबै  वडाहरुमा वडा कार्यालय स्थापना गरेर कामकाज थालिनी गरिएको छ ।

६) अनलाईन पद्धतीबाट एकिकृत सम्पती कर लगायत सबै करहरु वडा कार्यालयबाट उठाउन सुरु गरिएको छ । केहि वडामा यो पद्धती सुरु गर्ने क्रममा छौं ।

७) ऐनहरु नगरसभाबाट स्वीकृत भै कायान्वयनमा आएको ( ७ वटा ऐन राजपत्रमा प्रकाशित भै सकेको) ।

३) निर्देशीका कार्यविधि ( १४ वटा) कार्यपालिकाबाट स्वीकृत भै राजपत्रमा प्रकाशित भै सकेको ।

६) दुई (३) वटा नगर सभा सम्पन्न भै सकेको ।

७) २२ वटा कार्यपालिकाको बैठक सम्पन्न भएको ।

८) न.पा. / उ.म.न.पा.बाट गरिने विभिन्न सिफारिशहरु तथा प्रमाणित सम्बन्धि कार्यहरु वडा कार्यालयबाट हुने ब्यवस्था मिलाएको तथा नगरवासीहरुलाई घर दैलोमा नै प्रभावकारी सेवा प्रदान गर्ने कार्यको सुनिश्चतता गरिएको ।

९.I T Hub  संचालनमा ल्याएको छ ।

१०) One line मार्फत सर्व साधारणहरुलाई सूचित गर्ने कार्य गरेको ।

११) Hello Mayor , Tole free Number , Website को साथै online E profile माध्येमले नगरवासिहरुमा सूचना सम्प्रेषण र गुनासो ब्यवस्थापन हुने गरेको ।

१२)पचास लाख भन्दा माथिका योजनाहरुको E Bidding को माध्येमबाट खरिद प्रक्रिया गर्ने गरेको ।

१३) यस धनगढी उ.म.न.पा.ले सडक व्यवस्थापनमा महत्वपूर्ण भूमिका गरि रहेको ।

१४) बैकिङ्ग प्रणलिबाट सामाजिक सुरक्षा वितरण कार्यका लागि बैकहरु संग सहकार्यको कार्य अन्तिम चरणमा पुगेको छ । फुलबारीमा बैंक संचालनमा ल्याईएको छ ।

१५) उर्मा र घोडसुवामा पशु सेवा केन्द्र स्थापना गर्ने कार्य भएको छ ।

१६) वेली शहरी स्वास्थ्य केन्द्रमा MBBS डक्टर सहित स्वास्थ्य सेवा प्रदान गर्ने गरेको छ ।

१७) धनगढी नगरका सबै घरमा दुईवटा फलफुलका बिरुवा अनिवार्य लगाउनु पर्ने अभियानको सुरुवात गरिएको छ ।

१८) धनगढीलाई सफा र स्वच्छ राख्नका लागि यूवाहरु संग सहकार्य गरेर सरप्राईन धनगढी अभियान सुरु गरिएको छ ।

१९)सडक क्षेत्रमा पर्ने संरचना भत्काउने घर धनीलाई प्रोत्साहान गर्न नक्सा पास, अगाडीको भाग रंगरोगन गर्ने कामलाई निशुल्क गर्ने तथा जग्गाको कर छुट दिने अभियानको थालनी गरिएको छ ।

२०) धनगढी मुख्य सडकको २० बर्ष देखि सफा हुन नसकेको नाली सफा गर्ने काम भएको छ ।

२१)नगरक्षेत्रका खोलानालाको अबरोध खोल्ने, सफागर्ने काम गरिएको छ । रेखाङ्कन गर्ने काम सुरु भएको छ ।

२२) सडक क्षेत्रको बिस्तार, ग्राभेल तथा कालोपत्रे गर्ने कामलाई अभियानको रुपमा अगाडी बढाईएको छ ।

२३) साविकको उर्जा गाविस रहेको वडा नं १७ धुरभ्झुन्ना, डमौलीया लगायतका क्षेत्र सम्म ग्राभेल बाटो निर्माण गरिएको छ ।

२४) खुटिया नदिमा पुल निर्माण भैरहेको छ भने डमौलिया जोड्नका लागि शिवगंगा नदिमा पुल निर्माणका लागि सर्भे भैसकेको छ । डमौलीया जोड्न झोलुङ्गे पुल निर्माणको काम सुरु हुदैछ । बेहडाबावा मन्दिर जोड्नका लागि शिवगंगा नतदिमा पक्की पुल निर्माण हुदैछ ।

२५) उप-महानगरपालीकाको पटेलामा थारु संग्रहालय निर्माण भैरहेको छ ।

२६) वडा नं १५ मा जडिबुटी प्रशोधन केन्द्र निर्माण हुदैछ ।

२७) वडा नं १५ को कनरीमा पार्क निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

२८) फुलबारीमा बृद्धा आश्रम निर्माण गर्न सुरु भएको छ ।

२९) धनगढीमा सुविधा सम्पन्न बजार सहितको भ्यू टावर निर्माणको कार्य सम्झौताको चरणमा पुगेको छ। सिटी हल निर्माणको लागि टेन्टर भैसकेको छ।

३०) धनगढी उप-महानगरपालीकाको क्याम्पस रोड क्षेत्रमा हाट बजार संचालनका लागि जग्गाको खोजि भैरहेको छ।

३१) वडा नं ६ मा शहरी स्वास्थ्य क्लीनिक भवन निर्माण गरि सेवा दिन थालिएको छ।

३२) सामुदायीक पशु चौपया ब्यबस्थापनका लागि गौशाला निर्माण गरि ब्यबस्थापन गर्ने कार्य भएको छ। ७ सय गाई बझाङ्गका २ वटा स्थानीयतहमा पठाईएको छ।

३३) ल्याडफिड साईड निर्माणका लागि पहल भैरहेको छ।

३४) बेहडाबावा क्षेत्रको डिपिआर तयार गरि संरचना निर्माणको कार्य सुरु गरिएको छ।

३५) जाखोरवावा क्षेत्रको डिपिआर बनाउनका लागि कन्सल्टेन्ट संग छलफल भैरहेको छ।

३६) फुलबारीमा कोल्ड स्टोर निर्माण भैरहेको छ।

३७) फुलवारीमा सुविधा सम्पन्न बसपार्क निर्माण अन्तिम चरणमा छ ।

३८) फुलबारीमा स्वास्थ्य चौकी भवन निर्माण भैरहेको छ।

३९) सबै वडामा खानेपानीका ठूला योजनाहरु निर्माण भैरहेका छन्।

४०) वडा नं १६ र १३ मा आफ्नै वडा कार्यालय निर्माण भैरहेको छ।

४१) भवन संहिता (घरनक्सा पास) गर्ने कार्यलाई प्रभाविकारी बनाईएको छ।

४२) न्यायकि समितिमा आएका मुद्धालाई सम्पादन गर्ने काम लाई प्रभावकारी बनाईएको छ।

४३) नगरक्षेत्रका विद्यालयहरु समायोजन, दरवन्दी मिलानका लागि बिवरण संकलनको कार्य थालनी गरिएको छ।

४४) नगरक्षेत्रमा सामुहिक खेती प्रणालीलाई प्रोहत्साहन गर्न बिउबिजन तथा उपकरणमा अनुदान दिने निति लिईएको छ। १७ वटा समुहलाई अनुदान दिने काम गरेका छौं।

४५) धनगढी उप-महानगरपालीकाले आफ्ना नगरका नागरिकलाई नागरिकताको अनुसुची फाराम निशुल्क दिन थालेको छ। यस अघि २५ रुपियाँ तिर्नु पर्थ्यो।

४६) नेतुवा तालको डिपिआर तयार गरि टेन्डरको प्रकृयामा लगिएको छ।

४७) फुलबारीमा पशुहाट बजार संचालनको तयारी भैरहेको छ।

४८) सबै वडामा माटो परिक्षण प्रकृयालाई अगाडी बढाईएको छ ।

४९) ५ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गरि संचालनमा ल्याईएका छन् । बाँकी वडामा संचालनको तयारीमा छौं ।

५०) फोहर मैला ब्यबस्थापन केन्द्र निर्माणका लागि सम्झौताको चरणमा छौं ।

**मुख्य चुनौतीहरु :**

१. थप जिम्मेवारी अनुरुप उपयूक्त संयन्त्रणको अभाव ।
२. बिषयगत कार्यालयको ब्यबस्थापनमा चुनौती ।
३ सामुदायीक पशु चौपया ब्यबस्थापनमा चुनौती ।
४.बजार व्यवस्था (फोहरमैला,ट्राफिक, सडक अतिक्रमण, खोलानाला अतिक्रमण) को चुनौती
५.सार्वजनिक जग्गा संरक्षण र अतिक्रमण नियन्त्रण गर्न चुनौती ।
६. नगरमा थपीएका वडाहरुमा अन्य वडा सरह विकास गर्न केहि समय लाग्ने देखिन्छ ।

७. कर्मचारी ब्यबस्थापनमा समस्या छ ।

८.भवन तथा अन्य पूर्वाधारको अभाव छ ।

९.प्रदेश सरकारले लगाएको कर उठाउन नगरलाई चुनौती छ ।

१०.गरिवघर परिचय पत्र बितरणमा समस्या छ ।

११. भनसुनका आधारमा कर्मचारीहरु यस उप-महानगरपालीकामा केन्द्रीत हुने र अनुमतीका लागि दवाव दिने काम भैरहेको छ ।

१२) संघ र प्रदेशबाट बजेट घटाउँदा आन्तरिक श्रोतमा निर्भर हुनुपर्ने अबस्था छ ।

१३.यस उप-महानगरपालीकामा समायोजन भएका कार्यालयको संरचना समेत प्रदेश सरकारले लिदा समायोजन भएका कार्यालयहरु कहाँ राख्ने भन्ने समस्या छ ।

१४) ठूलो जन अपक्षा सिमित श्रोत ।

**धन्यवाद :**